# सडकमा गान्धीहरू कथाको विश्वदृष्टि र संरचनाको समानधर्मिता

**उपप्रध्यापक, लतादेवी पौडेल**, Email: paudyallata@gmail.com, (डिग्री क्याम्पस, विराटनगर, मोरङ)

**ARTICLE INFO**

*Received : 14 Jul. 2025*
*Revised : 27 Aug. 2025*
*Accepted : 22 Nov. 2025*

***लेखसार***

*प्रस्तुत लेख महेशविक्रम शाहको 'सडकमा गान्धीहरू' कथाको विश्वदृष्टि र संरचनाको समानधर्मितासँग सम्बन्धित छ। यो कथा छापामारको छोरो (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत छ। साहित्यको मार्क्सवादी चिन्तनमा आधारित विभिन्न दृष्टिकोणहरूमध्ये फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमानद्वारा प्रतिपादित सिद्धान्त हो विश्वदृष्टि। यस सिद्धान्तअन्तर्गत साहित्यिक रचनालाई समाजका वास्तविकतासँग जोडेर हेर्ने गरिन्छ। यस लेखमा 'सडमा गान्धीहरू' कथाको गोल्डमानको विश्वदृष्टिसँग सम्बन्धित मान्यताका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ। गोल्डमानका विचारमा एउटा वर्ग वा समूहको जीवनजगत् बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो। गेल्डमानले कृतिमा वर्णित संसार र वाह्य वा वास्तविक संसारका घटनाक्रमका बिचमा समानता हुनुलाई संरचनाको समानधर्मिता रूपमा लिएका छन्। प्रस्तुत कथामा निःशस्त्र रूपमा गरिएको विद्रोहबाट प्राप्त शान्तिपूर्ण परिवर्तन विश्वदृष्टिका रूपमा आएको छ भने कथामा वर्णित संरचना र समाजको संरचना बिच समानधर्मिता रहेको छ। यसमा शीर्षकीय समस्याको समाधानसँग सम्बन्धित सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ। प्रस्तुत लेखमा 'सडकमा गान्धीहरू' कथालाई प्राथमिक श्रोतको सामग्री र यस लेखसँग सम्बद्ध अध्ययन अनुसन्धान, समालोचना र सिद्धान्तलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। सङ्कलित सामग्रीहरूको विश्लेषण गर्ने आधार गोल्डमानको विश्वदृष्टि संरचनाको समानधर्मीतासँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई लिइएको छ। यसमा पाठको विश्लेषणको लागि निगमनात्मक आगमन विधिको प्रयोग गरी कथामा प्रस्तुत विश्वदृष्टि र समानधर्मिताको खोजी गरी निष्कर्षक प्रस्तुत गरिएको छ। यसमा सन्दर्भसामग्रीको प्रयोगमा ए. पी. ए. पद्धतिलाई अँगालिएको छ।*

***शब्दकुञ्जी*** *: गोल्डमान, निःशस्त्र, विश्वदृष्टि, समानधर्मिता, सशस्त्र द्वन्द्व, ।*

## परिचय

प्रस्तुत लेखमा महेशविक्रम शाहको छापामारको छोरो कथासङ्ग्रहमा सङ्गृहीत 'सडकमा गान्धीहरू' कथाको विश्वदृष्टि र संरचनाको समानधर्मिताको विश्लेषण गर्ने उद्देश्य राखिएकोले यहाँ विषय परिचयका क्रममा कथाकार शाह, विश्वदृष्टि र संरचनाको समानधर्मिताको चिनारी दिनु आवश्यक ठानिएको छ।

महेशविक्रम शाह (वि.सं. २०१५) नेपाली साहित्यका समकालीन यथार्थवादी कथाकार हुन्। यिनका सटाह (२०५३), **सिपाहिकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** (२०६३), **काठमाण्डुमा कमरेड** (२०६५), **ज्याकसन हाइट** (२०६९) कथासङ्ग्रहहरू प्रकाशित छन्। शाहले नेपाली राजनीतिमा रहेको सशस्त्र युद्धलाई प्रस्तुत गर्ने सन्दर्भमा युद्धका घटना परिघटनालाई लिएर थुप्रै कथाहरूको रचना गरेका छन्। युद्ध र द्वन्द्वलाई हेर्ने यिनको दृष्टिकोण आदर्शवादी रहेको छ। यिनी कथामा द्वन्द्व र युद्धको पृष्ठभूमि तथा द्वन्द्व र त्यसले निम्त्याएका घातप्रतिघातको यथार्थ चित्रण गर्न सक्रिय देखिन्छन्। 'सडकमा गान्धीहरू' यिनका यस्तै कथाहरूमध्येको

एउटा कथा हो । प्रस्तुत कथा छापामारको छोरो (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत छ । यसमा दशवर्षे सशस्त्र द्वन्द्व तथा २०६२/२०६३ को जनआन्दोलनको पृष्ठभूमिले जनस्तरमा बढ्दै गएको अग्रगामी चेतनास्वरूप सर्वसाधरण नेपाली नागरिकहरूले स्वतस्फूर्त रूपमा गरेको शान्तिपूर्ण आन्दोलनलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । कथामा आन्दोलनले सधैका लागि द्वन्द्वको अन्त्य भई शान्तिको स्थापना हुनुपर्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ । नेपालमा सशस्त्र द्वन्द्वपछि विकसित आन्दोलन शान्तिपूर्ण भएको थियो । आन्दोलनमा आबद्ध विचार कुनै एक व्यक्तिको नभई आम सर्वसााधारण नेपाली विचार थियो । गोल्डमानले एउटा वर्ग वा समूहको जीवनजगत्का बारेमा सुसङ्गत दृष्टिलाई विश्वदृष्टिका रूपमा परिभाषित गरेका छन् । प्रस्तुत कथामा आम नागरिकले स्वतस्फूर्त रूपमा गरेको आन्दोलन विश्वदृष्टिका रूपमा आएको छ । गोल्डमानले कृतिभित्रको विश्वदृष्टि र समाजका वर्ग वा समुदायको विचारचेतना वा विश्वदृष्टिका बिचमा समानता हुनुलाई संरचनाको समानधर्मिताको भनेका छन् । 'सडकमा गान्धीहरू' कथामा तत्कालीन नेपाली समाजमा द्वन्द्वको अन्त्य भई शान्तिको स्थापना हुनुपर्छ भन्ने वर्ग वा समुदायको चेतना र कृतिभित्र शान्तिको चाहना राख्ने वर्ग समुदायका बिचको चेतनामा समानता वा समानधर्मिता पाइन्छ । जसले गोल्डमानको विश्वदृष्टि र संरचनाको समानधर्मिता सम्बन्धी मान्यताका केणबाट कथालाई अध्ययन गर्न सकिने आधार निर्धारण गरेको छ । गोल्डमानका साहित्यको विश्लेषणका गर्ने विभिन्न मान्यताहरू छन् । यस लेखमा उनको विश्वदृष्टिसम्बन्धी मान्यताका आधार कथामा विश्वदृष्टि कसरी भएको छ र कृति र समाजबिच केकस्तो संरचनागत समानधर्मिता रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गरिएको छ ।

**अध्ययनको समस्या र उद्देश्य**

प्रस्तुत लेखमा 'सडकमा गान्धीहरू' कथामा व्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिता केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई समस्याका रूपमा लिइएको छ । महेशविक्रम शाहका कथाहरूमा केन्द्रित भई विभिन्न पक्षबाट अध्ययन अनुसन्धान भए तापनि **छापामारको छोरो** कथासङ्ग्रहमा सङ्गृहीत 'सडकमा गान्धीहरू' कथामा मात्र केन्द्रित भई समाजशास्त्रीय मान्यतालाई आधार बनाएर गोल्डमानको विश्वदृष्टि र संरचनागत समानधर्मिताका कोणबाट हालसम्म गहन अध्ययन भएको पाईंदैन । यसै सन्दर्भमा यस लेखमा कथामा व्यक्त विश्वदृष्टि र संरचनागत समानधर्मिताका कोणबाट विश्लेषण गरी निष्कर्षमा पुग्ने उद्देश्य राखिएको छ ।

## अध्ययनविधि

महेशविक्रम शाहद्वारा लिखित **छापामारको छोरो** (२०६३ ) कथासङ्ग्रहमा सङ्गृहीत 'सडकमा गान्धीहरू' कथामा अभिव्यक्त विश्वदृष्टि र संरचागत समानधर्मिताको पहिचान गर्नु नै यस लेखको मुख्य उद्देश्य हो । यसमा पुस्तकालयबाट शोध्य विषयसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरू सङ्कलन गरिएको छ । यस क्रममा छापामारको छोरो कथासङ्ग्रहमा सङ्गृहीत 'सडकमा गान्धीहरू' कथालाई प्राथमिक श्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ भने कथा विश्लेषणसँग सम्बन्धित अध्ययन, अनुसन्धान, समालोचना तथा सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक श्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत लेखमा साहित्यका समाजशास्त्री लुसियाँ गोल्डमानको विश्वदृष्टि र संरचनाको समानधर्मितासँग सम्बन्धित सैद्धान्तिक मान्यतामा आधारित भई पाठको विश्लेषण गरिने हुनाले यसमा निहित ज्ञानको प्रतिपादनका लागि निगमनात्मक विधिबाट निर्दिष्ट प्रयोग गरिएको छ । यसमा विषयवस्तुको पुष्ट्याइँका लागि आंशिक रूपमा आगमनात्मक पाठविश्लेषण विधिको प्रयोग गर्दै कथामा विश्वदृष्टि र संरचनाको समानधर्मितालाई सङ्केत गर्ने साक्ष्यका आधारमा निष्कर्ष निकालिएको छ ।

**सैद्धान्तिक पर्याधार**

साहित्य र समाजका बिचको सम्बन्धको अध्ययन गर्ने वाङ्मयको शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ। साहित्यको समाजशात्रले साहित्यमार्फत अभिव्यक्त भएको समाजको अध्ययन तथा विश्लेषण गर्दछ। साहित्यको समाजशास्त्रले साहित्यलाई समाजका रूपमा लिएर कृतिको सामाजिकता, त्यसले समाज निर्माणमा पुऱ्याएको योगदान आदिको अध्ययन तथा विश्लेषण गर्दछ (सिंह, सन् १९९८, पृ. २)। इसाको उन्नाइसौं शताब्दीमा प्रारम्भ भएको साहित्यको सााजशास्त्रीय परम्परा बिसौँ शताब्दीमा आइपुग्दा व्यवस्थित र विश्वसनीय ज्ञानअनुशासनका रूपमा विकसित भयो। यसको श्रेय फ्रान्सेली चिन्तक लुसियाँ गोल्डमानलाई छ। गोल्डमान (सन् १९१३-१९७१) मार्क्सवादबाट प्रभावित नवमार्क्सवादी विचारक हुन्। मार्क्सवादबाट प्रभावित भएर पनि उनले मार्क्सवादको वर्गसङ्घर्ष तथा वर्ग चेतनासम्बन्धी मान्यतालाई फरक ढङ्गले प्रस्तुत गर्दै आफ्ना साहित्यसम्बन्धी मान्यतालाई नवीन ढङ्गले प्रस्तुत गरेका छन्। त्यसैले उनको सिद्धान्तलाई उत्पतिमूलक संरचनावाद पनि भनिन्छ (पाण्डेय, २०७३, पृ. १८)। गोल्डमानले समाजाशास्त्रको व्याख्या गर्ने सन्दर्भमा साहित्यलाई लेखकको निजी अनुभूतिका रूपमा नलिई समाजको उपजका रूपमा लिएका छन्।

गोल्डमानका समाजसँग संस्कृतिको ऐतिहासिकता, सामाजिक तथा सौन्दर्यसम्बन्धी सम्बन्धको खोजी गर्ने मान्यतामध्ये विश्वदृष्टि महत्त्वपूर्ण मान्यताका रूपमा रहेको छ। गोल्डमानका भनाइमा एउटा वर्ग वा समूहको जीवनजगत्का बरेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो (गोल्डमान, सन् १९८०, पृ. १११)। उनका अनुसार कुनै पनि कृति व्यक्ति विशेषको नभई कृतिमा व्यक्त विचार वा भाव उसको वर्ग वा समुदायबाट प्रभावित हुन्छ। यसको विकास कुनै समूह वा वर्गले सामाजिक तथा ऐतिहासिक प्रक्रियामा गर्दछ। समाज विकासका क्रममा एउटा वर्ग वा समूहले अर्को वर्ग वा समूहसँग विभिन्न किसिमका सम्बन्धहरू बनाउँछन्। कुनै समूहको सर्वाधिक सम्भावनापूर्ण अन्तश्चेतनाका आधारमा नै एक सुसङ्गत विश्वदृष्टिको निर्माण भएको हुन्छ। कलाकृतिको सुसङ्गत संरचना विश्वदृष्टिबाट प्रभावित हुन्छ र यही सुसङ्गतिले नै कृतिलाई महानता प्रदान गर्छ। गोल्डमानका अनुसार महान् प्रतिनिधि लेखक त्यो हो जसले आफ्नो वर्गको अधिकतम् अन्तश्चेतनालाई व्यक्त गर्छ (रुथ, सन् १९९२, पृ. १११, उद्धृत, २०७६, पृ. ८०)। कुनै पनि कृतिभित्रको वर्गीय वा सामूहिक चेतना नै विश्वदृष्टि हो।

विश्वदृष्टि समाजको वर्ग वा समूहको सामूहिक चेतनाले निर्माण भएको हुन्छ। विश्वदृष्टिको निर्माता कुनै एक व्यक्ति नभएर वर्ग वा समूह हुने गर्दछ। वास्तवमा व्यक्ति /समूहले एउटा सामूहिक चेतनाको संरचना निर्माण गर्दछन्। कुनै एकको चेतनाले अर्काको चेतनालाई प्रभाव पारेको हुन्छ। यसरी सामाजिक समूह नै अन्ततः रचनाको वास्तविक विषय बन्न पुग्दछ। स्रष्टाका माध्यमबाट ऊ कृतिसँग जोडिन्छ अनि रचनाका तत्त्व र समग्र रचनाका बिच जस्तो सम्बन्ध रहन्छ कृति र सामाजिक वर्गका बिच पनि त्यस्तै सम्बन्ध रहन्छ। यसका साथै प्रकृतिसँगको सङ्घर्षका सन्दर्भमा पनि त्यस्तो विचारको व्यवस्थाको विकास गर्दछन् जसको निर्माता कुनै एक व्यक्ति हुँदैन, सिङ्गो वर्ग वा समूह हुन्छ। रचनाको यो धारणा कल्पनाका माध्यमबाट व्यक्त हुन्छ (पाण्डेय, २०७३, पृ. १८)। कुनै वर्ग वा समूहको चेतना नै विश्वदृष्टि हो यसको विकास सामाजिक, ऐतिहासिक विकासका प्रक्रियाका क्रममा हुने गर्छ।

विश्वदृष्टि दर्शन, कला र साहित्यमा विभिन्न रूपमा प्रकट भए पनि यसको मूल रूप एउटै हुन्छ। यो एउटा निश्चित कालखण्डमा कुनै वर्गका विचार, अनुभूति र व्यवहारहरूको समग्रताका रूपमा प्रकट हुन्छ। विश्वदृष्टि सामाजिक

जीवनमा निहित वर्गको जीवनमा निहीत हुन्छ तर यो दर्शन, कला र साहित्यमा प्रकट हुन्छ । त्यसैले विश्वदृष्टिको खोजको आरम्भ कृतिबाट हुन्छ, वर्गको अध्ययनबाट हुँदैन । यसलाई उनी विचारधारा वा वर्ग चेतना मान्दैनन् । उनी विचारधारालाई छद्म चेतना भन्दछन् (पाण्डेय, २०७३, पृ. १९) । कृतिमा व्यक्त विश्वदृष्टिले समाजको कुनै वर्ग वा समूहको प्रतिनिधित्व गर्नु पर्दछ ।

गोल्डमानका विचारमा समाजको कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्रको संसारको समानधर्मिता हुन्छ । यसलाई उनी संरचनाको समानधर्मिता भन्छन् । महान् रचनामा यो संरचनागत समानधर्मिता सबैभन्दा बढी हुन्छ (गोल्डमान, सन् १९९३, पृ. ५१) । संरचनालाई उनले कृतिले दिने बाह्य अर्थसँग प्रयोग नगरेर मानसिक संरचनाको अर्थका सन्दर्भमा प्रयोग गरेका छन् । उनका अनुसार समाज र कृतिको संरचना विशिष्ट हुन्छ । कृतिको संरचना भन्नाले लेखकलाई समाजले पारेको प्रभाव र पात्रका माध्यमबाट व्यक्त हुने स्थूल विचार हो तर यो लेखकीय प्रभावको सर्वोच्चता भने होइन । केही महत्त्वपूर्ण विशेषताहरूबाहेक संरचनाको स्वरूप समाजका विभिन्न घटनाहरू तथा व्यक्तिका दैनन्दिन व्यवहारबाट निरन्तर प्रभावित भइरहन्छ (बोएलअवार, सन् १९८०, पृ. १६) । कृतिमा प्रकट हुने समाजको संरचना सुसङ्गत मूर्त नै हुन्छ भन्ने छैन । समाजको संरचना जस्तो भए पनि गोल्डमानले कृतिको अध्ययन गर्दा पहिला कृतिको संरचना पहिल्याउनु पर्ने र त्यसका माध्यमबाट समाजको संरचनाको खोजी गर्नु पर्ने धारणा राखेका छन् । यस लेखमा गोल्डमानको विश्वदृष्टि र संरचनाको समानधर्मीतासँग सम्बन्धी मान्यताका आधारमा कथामा अभिव्यक्त कुनै वर्ग वा समूहको सामूहिक चेताना र कृतिमा वर्णित समाजको संरचनालाई साक्षको रूपमा लिई 'सडकमा गान्धीहरू' कथाको विश्लेषण गरिएको छ ।

## कथाको विश्लेषण

प्रस्तुत लेखको शोध्य समस्या 'सडकमा गान्धीहरू' कथाको विश्वदृष्टि र संरचनाको समानधर्मीता केकस्तो रहेको छ भन्ने विषयसँग सम्बन्धित छ । यहाँ शोध्य विषयसँग सम्बन्धित भएर गोल्डमानको विश्वदृष्टिसँग सम्बन्धित सिद्धान्तका आधारमा कथाको आख्यान सन्दर्भ, कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको अध्ययन तथा विश्लेषण गरिएको छ ।

### आख्यान सन्दर्भ

महेशविक्रम शाहको 'सडकमा गान्धीहरू' कथा छापामारको छोरो (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत छ । यसमा २०५१ सालदेखिको सशस्त्र द्वन्द्व र २०६२/२०६३ को शान्तिपूर्ण जनआन्दोलनलाई पृष्ठभूमिका रूपमा समेटिएको छ । यसमा कथाकारले सशस्त्र विद्रोहको निरर्थकता र निःशस्त्र विद्रोहको प्रभावकारीतामा जोड दिएका छन् । कथामा आफ्ना बाजेले भित्तामा झुन्ड्याएर राखेको राइफललाई हेर्दै इतिहासका विभिन्न कालखण्डमा भएका विश्वयुद्ध लगायतका युद्धहरूको स्मरण गरी आफू पनि क्रान्ति नायक बन्ने विद्रोही भावना बोकेको ऊपात्रको महत्वकांक्षालाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । कथाको केन्द्रीय चरित्र पनि ऊ नै हो । निरङ्कुश शासन प्रणालीका विरुद्ध राइफका सहायताले परिवर्तन गर्न सकिने दृढ सङ्कल्पका साथ बन्दुक उठाउने तरखरमा उभिएको ऊ पात्र बन्दुक उठाएपछि आफूले देखेका सपनाहरू पूरा हुने हुन् कि होइनन् भन्ने दोधारमा पर्छ । सदियौँदेखिका समाजमा रहेको सामाजिक, आर्थिक तथा राजनीतिक प्रभुत्वशाली संस्कृतिका विरुद्ध विश्वका अन्य नायकले झैं हतियार उठाउनु पर्ने कुराबाट प्रेरित भए पनि ऊ असङ्ख्य मान्छेहरूले नेतृत्व गरेको निःशस्त्र गान्धीरूपी

आन्दोलनबाट प्रभावित भएको छ। उसले आफूमा र सडकका मान्छेमाह¿मा विद्रोहको भावनामा समानता भए पनि परिवर्तनका लागि आफूले रोजेको बाटोमा मानवता नभएको महसुस गरेको छ। ऊ पात्र परिवर्तनका लागि उनीहरूले निःशस्त्र विद्रोहको शैली रोजेको देख्छ भने आफूले सशस्त्र विद्रोहको बाटो रोजेको पाउँछ। ऊ परिवर्तनका लागि रोजेको बाटोमा आफ्नो र उनीहरूको बिचमा आकाश पातालको भिन्नता पाउँछ। सशस्त्र आन्दोलनमा उत्रिने दृढ सङ्कल्प बोकेको ऊ पात्रले जब सडमा असङ्ख्य निःशस्त्र मान्छेहरूको भिडलाई देख्छ ऊ तत्काल विश्वका ठुला ठुला क्रान्तिमा नायक खलनायकको भूमिका र परिघटनालाई सम्झन्छ। ऊ खलनायकीय भूमिकाले कहिल्यै पनि क्रान्तिवीर नजन्मिएको स्मरण गर्दै अन्त्यमा आफूले उठाएको बन्दुक फालेर निःशस्त्र गान्धीरूपी आन्दोलनमा समाहित भएसँगै कथानक समाप्त हुन्छ।

**कथामा अभिव्यक्त विश्वदृष्टि**

विश्वदृष्टिसम्बन्धी सिद्धान्तको प्रतिपादन लुसिँए गोल्डमानले गरेका हुन्। कृतिभित्र समाजका विभिन्न खालका व्यक्तिहरूको विचार, चाहना, इच्छा, आकांक्षा तथा भावनाको सामूहिक अभिव्यक्ति सन्देशस्वरूप आएको हुन्छ। यसैलाई नै विश्वदृष्टिका रूपमा लिइन्छ। साहित्यकारले समाजप्रतिका मान्यता, विचार तथा इच्छा, आकाङ्क्षालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफ्ना कृतिमा व्यक्त गर्दछ। साहित्यमा व्यक्त भएको विश्वदृष्टिले समाजका साझा मान्यता राख्ने व्यक्तिहरूको भावनालाई प्रतिनिधित्व गर्दछ। कृतिमा व्यक्त यस्ता विचारबाट समाजका मानिसको इच्छा, चाहना के छ ? उनीहरू समाज, देश या विश्वबारे कस्तो धारणा राख्छन् ? परिवर्तन चाहन्छन् या यथास्थिति नै चाहन्छन् ? कस्तो खालको परिवर्तन चाहन्छन् ? आदि कुराहरू जान्न सकिन्छ। साहित्यको समालोचकले कृतिभित्र विश्वदृष्टिको खोजी गर्दा यिनै कुराहरूको विश्लेषण गर्नु पर्दछ।

'सडकमा गान्धीहरू' नेपालको दशवर्षे सशस्त्र द्वन्द्व र २०६२/२०६३ शान्तिपूर्ण जनआन्दोलनको पृष्ठभूमिलाई समेटेर लेखिएको कथा हो। राजतन्त्रसहितको संविधान २०४७ र तत्कालीन संसदीय व्यवस्थाका विरूद्ध माओवादीले थालनी गरेको सशस्त्र युद्धले २०६२ सम्म आइपुग्दा अपेक्षाबमोजिमको परिवर्त गर्न सकेन जसले गर्दा युद्धरत माओवादी लडाकुहरूमा पराजित मानसिकताको विकास भएको थियो। युद्धलाई निस्तेज गर्ने उद्देश्यले राज्यपक्षले गरेको प्रतिकारको घोषणामा माओवादीहरू पराजित हुँदै गएका थिए। परिवर्तनका लागि सशस्त्र युद्धलाई निरन्तर दिनुपर्ने आवश्यकता देखिए पनि जनस्तरमा माओवादीले विश्वास गुमाउँदै गएको थियो। युद्धमा खटिएका सुरक्षाकर्मी र विद्रोही पक्ष दिनहुँजसो बन्दुकको निशानामा परी सयौंको सङ्ख्यामा हतहत हुन थालेका थिए। द्वन्द्वरत पक्षबाट युद्धविराम हुने संभावनाहरू क्षीण हुँदै गएको थियो। यसले प्रभुत्वशाली संस्कृतिका विरूद्ध बन्दुकबाट परिवर्तन असम्भव देखेपछि सडकमा असङ्ख्य मानिसहरूको भिडले जिन्दावाद र मुर्दावादको नारा लगाउँदै बन्दुकहरूलाई हाँक दिन थालिसकेका थिए। युद्धमा खटिएका लडाकुहरू नायकत्वका लागि लडेको भए पनि युद्धले खलनायकत्वका रूपमा परिभाषित गरेको महसुस गर्न थालेका थिए। उनीहरुले आफू र सडकका मान्छेहरूमा भएको तीव्र आवेग र उत्तेजना, विद्रोहको भावना, असन्तुष्टि र परिवर्तनका सपनाजस्ता विशेषतामा समानता भए पनि परिवर्तनका लागि आफूहरूले रोजेको बाटो र आमजनताले रोजेको बाटोमा फरक देखेपछि हतियार फालेर शान्तिपूर्ण आन्दोलनमा समाहित हुने घोषण गरेका थिए। प्रस्तुत कथामा सदियौंदेखि नेपाली समाजमा रहेको प्रभुत्वाशाली शक्तिको अन्त्यका लागि सशस्त्र नभई निःशस्त्र आन्दोलनको अपरिहार्यता रहेको कुरालाई जोडदिएको छ। कथामा

यी सबै कुराहरू सशस्त्र युद्धको मोर्चामा होमिन लागेको ऊ पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ जुन कुरा कथाको विश्वदृष्टिका रूपमा आएको छ। यसका लागि निम्न लिखित कथांशलाई साक्ष्यका रूपमा लिन सकिन्छ :

ऊ तनावग्रस्त हुन थाल्यो। उसलाई लाग्न थाल्यो कि बन्दुकको आधारमा उसले कोरेको सशस्त्र क्रान्तिको खाका अपूरो छ। उसले फेरि सशस्त्र क्रान्तिका नायकहरू लेनिन, माओ, क्रमबेल, दाँते र होचिमिन्हलाई स्मरण गऱ्यो। विश्वइतिहासका ती सफल नायकहरू जसले बन्दुक उठाएर क्रान्तिको सफल नेतृत्व गरेका थिए र लाखौं मान्छेहरूको बलिदानीबाट आफ्नो क्रान्तिको छविको निर्माण गरेका थिए। उसले विश्वक्रान्तिका नायकसँगै बन्दुकमा बढी आसक्त भएर विश्वनायकबाट खलनायकमा परिणत भएका हिटलर, मुसोलिन, पोलपोट र इदि अमिनलाई सम्झ्यो। आफू किन क्रान्तिबाट खलनायक हुन सक्दैन भन्ने सम्भावनातर्फ ऊ गम्भिर भएर सोच्न थाल्यो (शाह, २०७४, पृ. १०२/१०३)।

उपर्युक्त कथांशमा बन्दुकको सहायताले सशस्त्र क्रान्ति गरी नायकत्व पाउने सपना बोकेको ऊ पात्र विश्वइतिहासका युद्धलाई हेरर सोचमग्न भएको देखिन्छ। उसले क्रान्तिबाट नायक बन्न सपना देखेको भए पनि त्यो सशस्त्र द्वन्द्वबाट असम्भव हुने महसुस गरेको छ। ऊ विश्वइतिहासमा सफल भएका क्रान्तिका नायकहरू लेनिन, माओ, क्रमबेल, दाँते र होचिमिन्हसँगै विश्वनायकबाट खलनायकमा परिणत भएका हिटलर, मुसोलिन, पोलपोट र इदि अमिनलाई स्मरण गर्दै आफू क्रान्तिबाट खलनायक नहुने उपायका लागि गम्भिर बन्दै सडकमा उर्लिएको गान्धीरूपी शान्तिपूर्ण आन्दोलनमा समाहित भएको छ। प्रस्तुत कथामा ऊ पात्रको विचारले उसको एक्लो विचारको मात्र प्रतिनिधित्व नगरेर तत्कालीन समयका आम द्वन्द्वरत लडाकुहरूको विचारको प्रतिनिधित्व गरेको छ। प्रस्तुत कथामा ऊ पात्रले निःशस्त्र गान्धीरूपी शान्तिपूर्ण आन्दोलनको बाटो रोज्ने कुरा विश्वदृष्टिका रूपमा उद्घाटन भएको छ।

महेशविक्रम शाह स्वयम् नेपाली सेनाका वरिष्ठ कमाण्डर हुन्, यसो भन्दैमा उनी क्रान्तिको विरोधी भने होइनन्। उनमा रहेको क्रान्तिप्रतिको मोह लेखक शाहका रूपमा प्रस्फुटित भएकाले उनी क्रान्तिको पक्षमा उभिएका छन् भन्ने कुराको पुष्टि हुन्छ। यसमा कथाकारले क्रान्तिको आवश्यकता र क्रान्ति गर्ने तरिकाका विषयमा खुलेर उल्लेख गरेका छन्। उनले कथामा यी कुराहरू आफू तटस्थ रहेर सशस्त्र द्वन्द्वमा होमिएको ऊ पात्र र आम सर्वसाधारण नेपालीहरूका माध्यमबाट प्रस्तुत गरेका छन्। कथामा उनी रक्तपातपूर्ण क्रान्तिको विपक्षमा र शान्तिपूर्ण क्रान्तिको पक्षमा उभिएका छन्। प्रस्तुत कथामा कथाकारको यही चेतना तथा दृटिकोणबाट विश्वदृष्टिको निर्माण भएको छ। जसको पुष्टि निम्न लिखित कथांशले गर्दछ :

ऊ अहिले आफूलाई तनावरहीत र शान्त महसुस गरिरहेको थियो। अहिले पनि ऊभित्र विद्रोह जीवित थियो, तर विद्रोहभित्र हिंसा थिएन। उसभित्रको विद्रोह अहिंसात्मक बनिसकेकको थियो उसले सडकमा हेऱ्यो। असङ्ख्य गान्धीहरू .... ऊसँगसँगै असङ्ख्य हातहरू छन् जुन देशको मुहार फेर्नका लागि सदियौंदेखि जुरमुराइरहेका छन्। उसले फरक्क फर्केर बाजेले दोस्रो विश्वयुद्धमा लडेको बन्दुकलाई हेऱ्यो। तपाईंले लडेको विश्वयुद्धमा कसैको जित भएन बाजे ! सबैको हार मात्र भयो। तपाईंले अनुभूत गरेको शौर्य र वीरता मात्र एक पाखण्डी भ्रम थियो। एउटा मान्छेले क्रुरतापूर्वक मार्दा मानिने वीरताको परिभाषा अब थोत्रो र कलङ्कित भइसक्यो।....उसले बाजेको बन्दुकमाथि जोडले घन प्रहार गऱ्यो। बन्दुक छिनभरमै ससाना टुक्राहरूमा विभक्त भयो। बन्दुकका टुक्राहरूलाई उसले झ्यालबाट बाहिर हुत्यायो। ऊ सडकमा निस्क्यो।... मैंले देख्दा देख्दै ऊ गान्धीमा रूपान्तरित भयो (शाह, २०७४, पृ. १०३/१०४)।

प्रस्तुत साक्ष्यमा कथाकारले क्रान्तिका लागि बन्दुक घातक भएको कुरा उल्लेख गरेका छन् । यसमा उनले बन्दुकलाई परिवर्तन वा क्रान्तिको वाहक ठान्ने ऊ पात्रका माध्यमबाट इतिहासका विभिन्न कालखण्डमा बन्दुकका कारण हिटलर, मुसोलिनीजस्ता महान् भनिएका व्यक्तिहरूको पतन भएको तर सत्यवादी गान्धीको विचार जीवन्त रहेको कुरालाई स्वीकार गरेको देखाएका छन् । यसरी कथामा ऊ पात्रले बाजेको बन्दुकलाई घनले हानेर टुक्रा टुक्रा पारेर झ्यालबाट फाल्नु र सडकमा रहेका असङ्ख्य गान्धीरूपी आन्दोलनकारीहरूको भीडमा मिसिन पुग्नुले प्रभुत्वशाली विविधखाले समाजिक परिवर्तनका लागि शान्पिूर्ण आन्दोलन सर्वमान्य रहेको कुरा पुष्टि गर्दछ । जुन कुरा यस कथाको विश्वदृष्टिका रूपमा आएको छ ।

**संरचनाको समानधर्मिता**

गोल्डमानले कृतिभित्रको विश्वदृष्टि र समाजका वर्ग वा समुदायको विश्वदृष्टिका बिच समानधर्मिताको चर्चा गरेका छन् । उनका विचारमा समाजका वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्रको संरचनासँग समानधर्मिता हुनुपर्छ । समाजको विश्वदृष्टि र कृतिभित्रको विश्वदृष्टिका बिच जति बढी समानता हुन्छ कृति त्यति नै महान् हुन्छ । यसलाई उनी संरचनाको समानधर्मिता भन्छन् (पाण्डेय, २०७३, पृ.१९) । उनले समालोचकले साहित्यिक कृतिभित्रको समानधर्मितालाई केलाएर हेर्ने कुरामा जोड दिएका छन् । यस आधारमा 'सडकमा गान्धीहरू' कथाको विश्लेषण गर्दा कथमा अभिव्यक्त विश्वदृष्टि र तत्कालीन नेपाली समाजको विश्वदृष्टिका बिच समानधर्मिता पाइन्छ । कथामा द्वन्द्वरत (सत्ता र विद्रोही ) पक्ष र आम जनमानसको युद्धविराम तथा शान्तिको चाहानालाई विश्वदृटिका रूपमा प्रस्तुत गरिएको छ । यसमा कथाकारले राजसंस्थाको अन्त्य तथा नयाँ संसदीय व्यवस्थाका लागि द्वन्द्वरत माओवादी र सर्वसाधारण जनताको व्यापक सहभागिता रहेको सात दलले नेतृत्व गरेको २०६२/२०६३ को आन्दोलनलाई कथानकका रूपमा प्रस्तुत गरेका छन्, जुन नेपालको राजनीतिक परिवर्तनको यथार्थ चित्र हो ।

नेपालमा वि.सं.२०५१ फागुन १ गतेदेखि तत्कालीन नेकपा माओवादीले सामन्तवादी उत्पीडनका विरुद्धको सशस्त्र युद्धको आरम्भ गरेको थियो । युद्ध दश वर्षसम्म निरन्तर रूपमा चलेको थियो । युद्धमा राज्यपक्ष र माओवादी पक्षका गरी चौध हजारभन्दा माथिको सङ्ख्यामा मानिसहरूले ज्यान गमाउनु परेको थियो भने हजारौंको संख्यामा घाइते र अङ्गभङ्ग भएका थिए । युद्धले आम नेपाली जनताको जीउज्यान तथा शान्तिसुरक्षाको प्रत्याभूतिमाथि शङ्का उत्पन्न गराएको थियो । युद्धले सिङ्गो राष्ट्र आतङ्कित बन्दा पनि युद्धविरामका लागि द्वन्द्वरत पक्षबाट कुनै पहल हुन सकेको थिएन । यो एकातिर निरङ्कुश शाहीशासन विरुद्धको अभियान थियो भने अर्कोतिर पुरानो संसदीय व्यवस्था विरुद्धको अभियान थियो । सङ्घर्षको यस अभियानले विभिन्न तहतप्काका उत्पीडित नेपाली जनताको चेतनामा विकास गर्नुका साथै आफ्नो अस्तित्व र अधिकारका लागि जस्तोसुकै मूल्य चुकाउन पछि नपर्ने उत्साह प्रदान गराएको थियो, जसले उनीहरू प्रभुत्वशाली शक्तिका विरूद्ध निःशस्त्र रूपमा सडकमा उत्रिएका थिए । यही निःशस्त्र शान्तिपूर्ण विद्रोहले नेपालको दशवर्षे जनयुद्धको अन्त्य गर्दै शान्तिको स्थापना गराएको थियो, जुन राजनैतिक घटना जनआन्दोलन २०६२/२०६३ का नामले परिचित रहेको छ । यस आन्दोलनमा राज्य र माओवादी दुवै पक्षका लडाकुहरू हतियार फालेर संलग्न भएका थिए । यसै आन्दोलनले नै नेपालमा २५० वर्षको निरङ्कुश राजसंस्थाको अन्त्य गर्दै गणतन्त्रको स्थापना गराएको हो । प्रस्तुत कथामा सशस्त्र द्वन्द्व र निः शस्त्र शान्तिपूर्ण गान्धीरूपी आन्दोलनको गतिविधिको यथार्थ चित्रण गरिएकोले कथामा वर्णित द्वन्द्वको समग्र घटना र नेपालको दश वर्षे जनयुद्ध र २०६२/२०६३ को शान्तिपूर्ण जनआन्दोलनको सामाजिक तथा सैन्य गतिविधिको वास्तविक घटनाका बिच

समानता रहेको छ। यो कृति र समाज बिचको समानधर्मिता हो। यसका लागि लेखकको भनाइलाई साक्ष्यका रूपमा लिन सकिन्छ :

यो मैंले भोगेको यथार्थ हो। म पनि सशस्त्र द्वन्द्वको एक पात्र हुँ। मैले सशस्त्र द्वन्द्वलाई फरक फरक समय र परिवेशमा आफ्नै आँखा अगाडि जसरी अनुभव र अनुभूत गर्ने अवसर पाएँ, एक लेखकको हैसियतले त्यो अवसर पाउने म एक भाग्यमानी लेखक हुँ। लेखकको रूपमा मलाई विद्रोही र राज्य पक्षबिचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सीपाही र विद्रोही छापामार र आमनागरिकहरू सबैको पीडाले सम्वेदनशील बनाएको र कुनै पक्षप्रति पूर्वाग्रह नराखी मैंले आफूले अनुभव गरेका सशस्त्र द्वन्द्वका पीडालाई कथामा संश्लेषण गर्ने प्रयास गरेको छु। समग्रमा यसमा सङ्ग्रहभित्र सङ्गृहीत मेरा कथाहरू देशले भोगेका दशवर्षे सशस्त्र द्वन्द्व र यस युद्धका जिउँदाजाग्दा तस्बिरहरू भन्दा अतिशयोक्ति नहोला (शाह, २०७४, भूमिका खण्ड )।

यो सिङ्गो कथा सङ्ग्रहबारे कथाकारको भनाइ हो। प्रस्तुत कथा यसै पृष्ठभूमिमा रचना गरिएको छ। जनयुद्धलाई निरङ्कुश शाहीशासन विरुद्धको अभियान र पुरानो संसदीय व्यवस्था विरुद्धको अभियान भनिए तापनि यो एक किसिमको वर्ग सङ्घर्ष थियो। यसले बहुसङ्ख्यक उत्पीडित जनतामा राजसंस्थाका विरुद्ध संघर्ष गर्ने, स्वतन्त्रताका निम्ति आवाज उठाउने र आफ्नो अस्तित्व र अधिकारका लागि सङ्गठित हुने अभूतपूर्व चेतनाको विकास गराएको थियो। अझ २०६२/२०६३ को शान्तिपूर्ण जनआन्दोलनले त सशस्त्र द्वन्द्वरत पक्ष र निःशस्त्र आम नेपाली जनतालाई एकैठाउँमा रहने वातावरणको सृजना गरायो। उक्त आन्दोलन एक प्रकारको वर्ग सङ्घर्ष पनि भएकाले यस आन्दोलनमा केही लेखक, कलाकार तथा उद्योग व्यवसायीहरू समर्थक र विरोधीका रूपमा उभिएका थिए भने केहीले तटस्थ रहेको अवगत गराएका थिए। जनयुद्धकालीन घटनालाई समेटेर लेखिएको यस कथाको रचनाका सन्दर्भमा कथाकारले आफू तटस्थ रहेको दाबी गरका छन् तर यस कुराले मात्र लेखकको तटस्थतालाई स्वीकार्न सकिँदैन। स्वयम् लेखकको यस भनाइले सो कुराको पुष्टि गर्दछ :

लेखकको रूपमा मलाई विद्रोही र राज्यपक्षबिचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सिपाही, विद्रोही छापामार र आमनागरिकहरू सबैको पीडाले संवेदनशील बनाएको र कुनै पक्षप्रति पूर्वाग्रह नराखी मैले आफूले अनुभव गरेका युद्धका पीडाहरुलाई कथामा संश्लेषण गर्ने प्रयास गरेको छु। समग्रमा यस सङ्ग्रहभित्र सङ्गृहीत मेरा कथाहरू देशले भोगेको दश वर्ष सशस्त्र द्वन्द्व र युद्धका जीउँदाजाग्दा तस्बिरहरू हुन् भन्दा अतिशयोक्त नहोला (शाह, २०७४, भूमिका खण्ड)।

प्रस्तुत भूमिकामा कथाकारले आफू तटस्थ रहको जनाउँदै तत्कालीन युद्धको सम्पूर्ण जिम्मेवारी विद्रोही पक्षलाई सुम्पन खोजेका छन् तर यहाँ कथाकारले भनेजस्तो भएको छैन। विश्वदृष्टिका सन्दर्भमा गोल्डमानले लेखकीय तटस्थताई अस्वीकार गरेको कुरा यस कथामा लागु भएको छ। गोल्डमानको भनाइलाई आधार मानेर हेर्दा प्रस्तुत कथामा कथाकारले भने जस्तो तटस्थता पाइँदैन। यसमा कथाकारले सशस्त्र द्वन्द्वरत पक्षलाई आक्रोशित, कुरुप र विभत्स रूपमा प्रस्तुत गरेका छन् भने निःशस्त्र विद्रोहीहरूलाई सभ्यरूपमा प्रस्तुत गरेका छन्। तलको साक्ष्यले सो कुरा पुष्टि गरेको छ :

ऊ क्रान्तिको खाका कोर्न थाल्यो। उसको हातमा उसका बाजेले दोस्रो विश्वयुद्धमा लडेको राइफल नाचिरहेको थियो।....के यस राइफलले भ्रष्ट समाज ओगटेर बसेका मान्छेह¿को छातिमा प्वाल पार्दै आफूले देख्ने गरेका

सपनाहरू साकार गर्न सक्छ ?...यस बन्दुकको प्रयोगले ऊ ती कुरुप अनुहारहरूलाई झन् क्षतविक्षत र विरूप बनाउन सक्छ ।....उसका लागि जतातततै सुन्दर अवसरहरू आउनसक्छन् र उसले देखेका सपनाहरू अन्तत : सत्य साबित हुनेछन् । ऊ राइफल उचाल्दै खुसीले नाच्यो । अचानक उसले बाहिर सडकमा खलबल सुन्यो ।.... सडकमा हजारौं मान्छेहरूको जुलुस नाङ्गा हातहरू उचालेर जिन्दावाद र मुर्दावादको नारा घन्काउादै बढिरहेका थिए ((शाह, २७४, पृ : १०१/१०२) ।

प्रस्तुत कथांशमा ऊ पात्रको युद्धप्रतिको महत्वकांक्षा र दृष्टिकोणलाई जुन किसिमको कथाकारले प्रस्तुत गरेका छन् यसले कथाकारले कथा रचनामा आफू तटस्थ रहेको दबी गरे पनि युद्धको प्रभाले लेखक तटस्थ बन्न नसकेको स्पष्ट हुन्छ । यो स्वभाविक हो किनकि उनी राज्यपक्षका फौजी सिपाही हुन् । लेखक तट्स्थ रहन सक्दैन भन्ने गोल्डमानको भनाइलाई आधार बनाएर हेर्दा यस कथामा बाह्य समाजको सामाजिक संरचनासँग कृतिको सामाजिक संरचनासँग पूर्णत : समानधर्मिता छ । यसमा कथाकारले जुन सामाजिक धरातलमा उभिएर, जुन युद्धकालीन परिवेशलाई टेकेर कथाको रचना गरेका छन् त्यो नेपालको दश वर्षे जनयुद्ध र २०६२/२०६३ को निःशस्त्र शान्तिपूर्ण जनआन्दोलन हो ।

गोल्डमानका विचारमा एउटा वर्ग वा समूहको जीवनजगत् बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो भनेझै प्रस्तुत कथामा निःशस्त्र रूपमा गरिएको विद्रोहबाट प्रभावित ऊ पात्रको शसस्त्र क्रान्तिबाट परिवर्ति भएको शान्तिपूर्ण विचार वा चेतना विश्वदृष्टिका रूपमा आएको छ । प्रस्तुत कथामा आएको ऊ पात्रको विचार एक्लो विचार नभई देशमा शसस्त्र द्वन्द्वको अन्त्य भई शान्तिको स्थापना हुनुपर्छ भन्ने आम नेपालीको विचार वा चाहना हो । प्रस्तुत कथामा कृतिभित्र वर्णित द्वन्द्व वा क्रान्ति र नेपाली राजनीतिमा विकसित दश वर्षे सशस्त्र जनयुद्ध र २०६२/२०६३ सालको निःसशस्त्र शान्तिपूर्ण विद्रोहबिच समानता रहनुले संरचनागत समानधर्मिताको सिद्धान्तलाई पुष्टि गरेको छ ।

## निष्कर्ष

महेशविक्रम शाहद्वारा रचित 'सडकमा गान्धीहरू' सामाजिक यथार्थवादी कथा हो । यस कथामा दश वर्षे सशस्त्र द्वन्द्व र सात दलले नेतृत्व गरेको २०६२/२०६३ सालको निःशस्त्र शान्तिपूर्ण विद्रोहको आकर्षणलाई प्रस्तुत गरिएको छ । यस कथामा सशस्त्र द्वन्द्वरत पक्षलाई द्वन्द्वले पारेको प्रभावलाई यथार्थ रूपमा चित्रण गरिएको छ । यसमा कथाकारले युद्धमैदानमा होमिएको ऊ पात्र बाजेका पालादेखि आफूसँग रहेको हतियार फालेर आमजनताले नेतृत्व गरेको शान्तिपूर्ण विद्रोहमा समाहित भएको देखाएका छन् । कथाको यस घटनाले गोल्डमानले भनेझैं कुनै एउटा वर्ग वा समूहको सुसङ्गत दृष्टिकोण नै विश्वदृष्टि हो भन्ने तथ्यलाई पुष्टि गरेको छ । प्रस्तुत कथामा ऊ पात्र कथाको प्रारंभमा सशस्त्र विद्रोहको पक्षमा देखिएको भए पनि सडकमा बढ्दै गएको आम सर्वसाधारण जनता सामेल भएको शान्पिूर्ण आन्नोलनबाट प्रभावित भएपछि आफूले उठाउन लागेको हतियार (बन्दुक) कच्याककुचुक पारी फ्याँकेर सोही आन्दोलनमा समाहित भएपछि कथाको समाप्ति भएको छ । नेपालमा माओवादीले नेतृत्व गरेको शासत्र विद्रोहको अन्त्य पनि सातदलले नेतृत्व गरेको सर्वसाधारण जनताको व्यापक सहभागीता रहेको २०६२/२०६३ को निःसशस्त्र जनआन्दोलनबाट भएको हो । प्रस्तुत कथामा ऊ पात्रको क्रान्तिप्रतिको परिवर्तित चाहना, शसस्त्रद्वन्द्व, २०६२/२०६३ को जनआन्दोलनको उद्देश्य तथा लेखकीय दृष्टिकोण समेत युद्धको अन्त्य र शान्तिको स्थापनाका रूपमा आएको छ । यस कथाको समग्र सार युद्धको अन्त्य र शान्तिको स्थापना नै हो । प्रस्तुत कथामा निःशस्त्र आन्दोलनका सामु सशस्त्र सङ्घर्ष निरर्थक रहन्छ भन्ने विचार वा चेतना विश्वदृष्टिका रूपमा प्रकट भएको छ ।

युद्धको अन्त्य भई स्थायी रूपमा शान्तिको स्थापना होस् भन्ने चाहना कथाको समग्र सार वा प्राप्ति हो । जुन यस कथाको विश्वदृष्टि पनि हो । यसमा प्रस्तुत कथामा द्वन्द्वकालीन नेपाली समाजको राजनीति, शासनपद्धति र कथाको सामाजिक संरचनाबिच समानता रहेकोले संरचनागत समानधर्मिता रहेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसूची


गोल्डमान, लुसियाँ (सन् १९९२). *साहित्येतिहास की उत्पत्तिमूलक संरचनावादी पद्धति.* (अनु. निर्मला जैन/ कुसुम बाँठिया). दिल्ली विश्वविद्यालय ।

गोल्डमान, लुसियाँ (सन् १९८०). *एस्सेज अन मेथड इन द सोसियोलोजी अफ लिटरेचर.* (सम्पा. विलियम क्यु. बोएलआवर). टेलस प्रेस लिमिटेड ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* (दोस्रो संस्क.). साझा प्रकाशन ।

दाहाल, भीमप्रसाद (२०७०). तीन बास कथामा विश्वदृष्टि. *प्राज्ञिक संसार, १*(९), ८६- ९० ।

पाण्डेय, ताराकान्त (२०७३). विश्वदृष्टिका परिप्रेक्ष्यमा छापामारको छोरो कथाको समाजशास्त्र. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). अनुभूतिको संरचनाको परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्यके समाजशास्त्र की भूमिका.* हरियाणा साहित्य अकादमी ।

मगर कृष्णहरि (२०७३). *कर्तव्य कथाको समाजशास्त्रीय विश्लेषण : विश्वदृष्टिका आधारमा सिद्धान्त र समालोचना.* ७९- ८४ ।

रुथ, जेन (सन् १९९२). ख्यातिका आर्जन : लुसिएँ गोल्मान. (अनु. कृष्णदत्त शर्मा). *साहित्यका समाजशास्त्रीय चिन्तन.* हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय ।

शर्मा, मोहनराज र लुँइटेल, खगेन्द्र (२०५५). *शोधविधि.* (दोस्रो संस्क.). साझा प्रकाशन ।

श्रेष्ठ, चन्द्रमान (२०७६). उसले रोजेको बाटो उपन्यासमा विश्वदृष्टि. *अपरा, (३),* ७८-८७ ।

श्रेष्ठ, जीवन (२०७०). टेस्ट्युब बेबी र मेरी प्रेमिका कथा र लुसिएँ गोल्डमानको समाजशास्त्र. *प्राज्ञिक संसार, १,* २८ - ३८ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* डिस्कोर्स प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०). केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र. *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* ५० - ५८ ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा. लि.।

शाह, महेशविक्रम (२०७४). *छापामारको छोरो.* (सातौँ संस्क.). साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५९). समसामयिक कथा प्रवृत्ति र प्रगतिवादी कथाका प्राप्तिहरू. *समकालीन साहित्य, १२,* २८- ३४ ।

सिंह, बच्चन (सन् २०११). *साहित्यका समाजशास्त्र.* लोकभारती प्रकाशन ।